# सामुदायिक विद्यालयमा सामाजिक परीक्षण

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षा योजना तथा व्यवस्थापन विषय
स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको आंशिक आवश्यकता
पूरा गर्नका लागि तयार पारिएको

**शोध-पत्र**


**शोधकर्ता**
आनन्द कुमार चौधरी
त्रि.वि. दर्ता न. ७-१-०००३-०९२०-९६
परीक्षा क्रमाङ्क २१८०१३०/२०७५
एम.एड. दोस्रो वर्ष

शैक्षिक योजना तथा व्यवस्थापन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी


२०७९

# सामुदायिक विद्यालयमा सामाजिक परीक्षण

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षा योजना तथा व्यवस्थापन विषय

स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको आंशिक आवश्यकता

पूरा गर्नका लागि तयार पारिएको

**शोध-पत्र**


**शोधकर्ता**

आनन्द कुमार चौधरी

त्रि.वि. दर्ता न. ७-१-०००३-०९२०-९६

परीक्षा क्रमाङ्क २१८०१३०/२०७५

एम.एड. दोस्रो वर्ष

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी



| शोधपत्र बुझाएको मिति | शोधपत्र भाइभा मिति |
|---|---|
| २०७९/१०/२० | २०७९/११/०५ |
| (०३/०२/२०२३) | (०६/०३/२०२३) |

# प्रतिवद्धता पत्र

यो शोधपत्र मैले नियमानुसार तयार गरेको हुँ । यो शोधपत्र तयारका लागि आवश्यक अध्ययन क्षेत्र नियमानुसार छनोट गरि जनसङ्ख्या, नमूना र नमुना छनोट रणनीति, तथ्याङ्क सङ्कलन विधिहरु आफैले ढाँचा निर्माण गरि तयार गरेको छु । अध्ययनका लागि तथ्याङ्क सङ्कलन सुनसरी जिल्ला, दुहबी नगरपालिका भित्रका छनोटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुका प्रधानाध्यापकहरु, शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षक अभिभावक संघका पदाधिकारीहरु र नगर शिक्षा अधिकारीबाट प्रश्नावलीद्वारा आफै उपस्थित भई सुचना एवम् जानकारी सङ्कलन गरेको छु । साथै विद्यालय प्रशासनबाट पनि आवश्यक सूचना र जानकारीहरु सङ्कलन गरेको छु । यो अध्ययन पुरा गर्न शुरुदेखि तयार नहुञ्जेलसम्म स्वयम् आफैले मिहिनेत र अध्ययन गरि नियमसंगत विधिबाट तयार गरेको हुँ । म आफैले गरेको प्रमाण आवश्यक परे सो प्रमाण पेश गर्न तयार छु भनि प्रतिवद्धता गर्दछु ।

मिति: २०७९ माघ

आनन्द कुमार चौधरी

# जनता बहुमुखी क्याम्पस

☎०२५-५८१३००
FAX: ०२५-५८००६४

**Janta Multiple Campus**

इटहरी, सुनसरी, नेपाल

**Itahari, Sunsari, Nepal**

स्थापित : २०४५

**Estd.2045**

(त्रिभुवन विश्वविद्यालय व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय सम्बन्धन प्राप्त)

विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत (वि.सं.२०७५)

(Accredited by University Grants Commission (UGC) Nepal (2018 A.D.)


प.सं.
**Ref:**

मिति : २०७९/१०/२०
**Date:**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विषयका छात्र **आनन्द कुमार चौधरीले सामुदायिक विद्यालयमा सामाजिक परीक्षण** शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार गरेको हो । यो शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोध कार्यलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

..............................

विमल नेपाल

शोध निर्देशक

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा महत्त्वपूर्ण सल्लाह सुझाव एवम् आफ्ना अमूल्य समय दिई आवश्यक निर्देशन प्रदान गर्नुहुने जनता बहुमुखी क्याम्पस इटहरी सुनसरीका प्राध्यापक श्री विमल नेपाल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु तथा सहायक क्याम्पस प्रमुख श्री टोलनाथ काफ्ले प्रति कृतज्ञता प्रकट गर्दछु । साथै  जनता बहुमुखी क्याम्पस इटहरीका शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख श्री शान्तिराम दाहालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोध कार्यका लागि अनुसन्धानमूलक सूचना र तथ्याङ्क उपलब्ध गराई शोध लेखन कार्यलाई सहज वातावरण बनाई सहयोग पुऱ्याउनु हुने नमूना छनोटमा परेका श्री सरस्वती माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री तेजप्रसाद तिम्सिना, श्री विष्णु माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री अम्बरसिंह फागो सुब्बा, श्री जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री सुरेश कुमार चौधरी, श्री गोपाल माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री आनन्द कुमार चौधरी, श्री हिमालय आदर्श माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री पुष्प बहादुर कार्की र श्री साल्पा माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री सुर्य बहादुर निरौलालाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु । त्यसैगरी उक्त विद्यालयहरुका शिक्षक तथा कर्मचारीप्रति धन्यवाद व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा यस शोधपत्र लेखनमा सहयोग गर्नुहुने मेरा शिक्षक साथीहरु, शुभेच्छुक महानुभावहरु तथा विद्वत्वर्गहरुप्रति कृतज्ञता व्यक्त गर्दछु । शोधपत्रलाई कम्प्युटर टाइप लगायतका अन्य प्राविधिक  सहयोग उपलब्ध गराउने श्री गोपाल माध्यमिक विद्यालय, दुहबी - ११, तनमुना, सुनसरी परिवार प्रति पनि आभार व्यक्त गर्न चाहन्छु ।

मिति : २०७९ माघ                                                     आनन्द कुमार चौधरी

## शोधसार

*सामुदायिक विद्यालयमा सामाजिक परीक्षण शीर्षकमा यो शोधपत्र तयार गरिएको छ । हरेक सामुदायिक विद्यालयले अनिवार्य गराउनु पर्ने सामाजिक परीक्षणको अवस्था, सामाजिक परीक्षण कार्यमा सरोकारवालाहरुको भूमिका विश्लेषण, विद्यालयहरुमा सामाजिक परीक्षण कार्यमा देखिएका समस्याहरुको पहिचान तथा समस्या समाधानका उपायहरु सुझाउनु यो शोधपत्रको मुख्य उद्देश्य रहेको छ ।*

*सामुदायिक विद्यालयमा सामाजिक परीक्षण सम्बन्धमा अध्ययन एवम् अनुसन्धान गर्न गुणात्मक र ढाँचा अवलम्वन गरिएको छ । उद्देश्यपूर्ण नमूना र एउटा तहको प्रतिनिधित्व हुने गरी नमुना छनोट गरिएको छ । यस अध्ययनको सैद्धान्तिक खाका वैज्ञानिक व्यवस्थापन सिद्धान्त, मानव सम्बन्ध सिद्धान्त र विकेन्द्रीकरणको सिद्धान्तमा आधारित छ । यस सम्बन्धी अध्ययन गर्न सुनसरी जिल्लाको दुहबी नगरपालिका अन्तर्गतका २६ वटा सामुदायिक विद्यालयहरुका विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षक अभिभावक संघका पदाधिकारीहरु, शिक्षक, प्रधानाध्यापक र नगर शिक्षा अधिकृतलाई जनसंख्याको रुपमा लिइएको छ भने नगर क्षेत्रभित्रका ६ वटा सबै सामुदायिक माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, प्रधानाध्यापक र उद्देश्यमूलक छनोटमा नगर शिक्षा अधिकृतलाई नमूना जनसंख्याको रुपमा लिइएको छ ।*

*विद्यालयको अभिलेखवाट परिमाणात्मक तथ्याङ्कहरु संकलन गरिएका छन् भने नमूना जनसंख्यावाट अन्तरवार्ता, प्रश्नावली, लक्षित समूह छलफललाई अध्ययनको साधनको रुपमा प्रयोग गरिएको छ । विद्यालयका प्रधानाध्यापक, शिक्षक, वि.व्य.स. का अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष र नगर शिक्षा अधिकृतसँग छलफल, अन्तरवार्ता, प्रश्नावली, अवलोकन र दस्तावेज अध्ययन जस्ता अनुसन्धानका साधनहरु प्रयोग गरी आवश्यक जानकारी, सूचना र तथ्याङ्कहरु सङ्कलन गरिएको छ ।*

*विद्यालयका सरोकारवालाहरुले आर्थिक लेखा परीक्षणलाई महत्व दिने गरेको तर सामाजिक परीक्षण कार्यलाई झन्झटिलो र बोझको रुपमा लिने गरेकोले कागजी प्रक्रिया पुरा गरिने यो कार्य अधिकांश विद्यालयहरुका लागि औपचारिकतामा मात्र सिमित रहेको छ । प्रधानाध्यापक आफै वा*

विश्वासपात्र शिक्षकबाट सामाजिक परीक्षणको फरम्याट भरेर सरोकारवालाहरुको भेला नगराई विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गर्ने गरेको छ ।

सामाजिक परीक्षण कार्यमा सरोकारवालाहरुको भूमिका प्रभावकारी नरहेको, सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक भएतापनि सरोकारवालाहरुको उपस्थिति अत्यन्त न्यून रहेको अवस्था छ । सामाजिक परीक्षण प्रतिवेदनमा औल्याएका सुझावहरु कार्यान्वियन नहुने गरेकोले परीक्षण कार्यको कार्यान्वियन पक्ष फित्तलो रहेको मान्न सकिन्छ । तथापी विगतमा औपचारिकतामा मात्र सिमित सामाजिक परीक्षण कार्य विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८ जारी भएपछी माथिल्लो निकायहरुको निर्देशन वमोजिम विद्यालयहरुले प्राथमिकतामा राख्न थालेको पाइएको छ ।

सामाजिक परीक्षण कार्यवाट सरोकारवालाहरुमा विद्यालयका विभिन्न गतिविधिहरुमा गहिरो र सघन रुपमा लेखाजोखा/मूल्याङ्कन गर्ने क्षमताको विकास हुँदै गएकोले विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई सक्रिय बनाई सरोकारवाला माथिल्लो निकायबाट ठोस नीति र नियमको निर्माण गरी प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ । विद्यालयको वार्षिक कार्य योजना निर्माण, कार्यान्वियन र उपलब्धि मूल्याङ्कनमा सरोकावालाहरुलाई सहभागि गराउनु पर्छ । सरोकारवालाहरु बीच प्रभावकारी सञ्चार कायम गरी विद्यालयका महत्वपूर्ण निर्णय प्रक्रियाहरुमा संलग्न र सहभागि गराउँदै लैजानु पर्दछ । प्रधानाध्यापकले आम सरोकारवालाहरुसँग सुमधुर सम्बन्ध स्थापित गर्दै विद्यालयको चौतर्की विकासमा अग्रसर हुनुपर्दछ ।

## विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| प्रतिबद्धता पत्र | क |
| सिफारिस पत्र | ख |
| स्वीकृति पत्र | ग |
| कृतज्ञता ज्ञापन | घ |
| शोधसार | ङ |

**परिच्छेद एक : परिचय**

| | |
|---|---|
| अध्ययनवको पृष्ठभूमि | १ |
| समस्याको कथन | ४ |
| अध्ययनको औचित्य | ५ |
| अध्ययनको उद्देश्यहरू | ६ |
| अनुसन्धानात्मक प्रश्नहरू | ७ |
| अध्ययनको परिसीमा | ७ |
| शब्दावलीहरूको परिभाषा | ८ |

**परिच्छेद दुई : सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन**

| | |
|---|---|
| अध्ययनको सैद्धान्तिक खाका | ९ |
| सम्बन्धित साहित्यको अध्ययन | ११ |
| पुनरावलोकनको उपादेयता | १४ |
| अवधाराणात्मक खाका | १५ |

**परिच्छेद तिन : अध्ययन विधि**

| | |
|---|---|
| अनुसन्धान ढाँचा | १६ |
| जनसङ्ख्या तथा नमूना | १६ |
| नमूना छनोट प्रक्रिया | १६ |
| तथ्याङ्क संकलनका साधनहरु | १६ |

तथ्याङ्कको स्रोतहरु १७

तथ्याङ्क संकलन प्रक्रिया १८

तथ्याङ्क विश्लेषण प्रक्रिया १८


**परिच्छेद चार : नतिजाको छलफल**


विद्यालयमा सामाजिक परीक्षणको अभ्यास १९

सरोकारवालाहरुमा सामाजिक परीक्षणको जानकारी २०

समयमा सामाजिक परीक्षण गर्ने विद्यालय २१

समय बितेपछि सामाजिक परीक्षण गर्ने विद्यालय २१

सामाजिक परीक्षण गर्दै नगर्ने विद्यालय २१

सामाजिक परीक्षण नगर्दा कारवाहीमा परेका विद्यालयहरु २२

विद्यालयको वार्षिक अभिलेखीकरण २२

विद्यालयको आर्थिक, भौतिक तथा जिन्सी अभिलेख राख्ने शैली २२

सामाजिक परीक्षण कार्यमा प्रतिवेदनको सार्वजनिक २३

विद्यालय सञ्चालन तथा मूल्याङ्कनको अवस्था २४

सामाजिक परीक्षण कार्यमा सरोकारवालाहरुको भूमिका २७

सामाजिक परीक्षण कार्य प्रधानाध्यापकको भूमिका २८

सामाजिक परीक्षण कार्यमा वि.व्य.स.को भूमिका २९

सामाजिक परीक्षण कार्यमा शि.अ. संघको भूमिका २९

सामाजिक परीक्षण कार्यमा शिक्षकको भूमिका ३०

सामाजिक परीक्षण कार्यमा नगर शिक्षा अधिकृतको भूमिका ३१

सामाजिक परीक्षण कार्यमा देखिएका समस्याहरु ३३

जानकारी तथा विज्ञताको अभाव ३३

तालिम, गोष्ठि र अभिमूखीकरणको अभाव ३४

समयको अभाव ३४

पुरस्कार तथा प्रत्साहनको अभाव ३४

विज्ञ तथा महिला सदस्यको अभाव ३४
अप्रयाप्त सरकारी अनुदान ३५
अतिरिक्त व्यय भार ३५
कमजोर कार्यान्वयन पक्ष ३५
उपयुक्त परामर्श तथा सुझावको अभाव ३५
सामाजिक परीक्षण कार्यमा देखिएका समस्या समाधानका उपायहरु ३६
तालिम, अभिमुखीकरण तथा गोष्ठि ३६
उत्तरदायित्व बोध ३७
इमान्दारीता ३७
सक्रिय सहभागिता ३७
प्रयाप्त सरकारी अनुदान ३७
प्रभावकारी कार्यान्वयन ३८
पुरस्कार तथा पृष्ठपोषण ३८
दण्ड सजायको व्यवस्था ३८
नीति नियमको पालना ३८
अनुगमन तथा सुझाव ३९
प्राप्ती ३९

**परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू**

निष्कर्ष ४२
सुझावहरु ४४
नीतिगत तहका सुझाव ४४
अभ्यास तहका सुझाव ४४
अनुसन्धान तहका सुझाव ४५

**सन्दर्भसूची**
**अनुसूचीहरू**